**Vangmaya**

Vol. 23, No. 1: 125-138, August-September 2026 DOI: https://doi.org/10.3126/vangmaya.v23i23.99753
Central Department of Nepali, Kirtipur Orcid ID: https://orcid.org/0009-0004-4128-8917

# *निर्मुक्त* कवितासङ्ग्रहका कवितामा पर्यावरणीय चेतना

**श्रीधर न्यौपाने**

उपप्राध्यापक : पृथ्वीनारायण क्याम्पस, त्रि.वि.

Email: shreedhar137@gmail.com

**लेखसार**

*निर्मुक्त* कवितासङ्ग्रहका कवितामा पर्यावरणीय चेतनाको अभिव्यक्तिका बारेमा विश्लेषण गर्ने अभिप्रायले प्रस्तुत लेख तयार पारिएको हो । यस लेखको क्षेत्रका रूपमा नवराज न्यौपानेको *निर्मुक्त* कवितासङ्ग्रहका कविता र समस्याका रूपमा पर्यावरणीय चेतना रहेका छन् । *निर्मुक्त* कवितासङ्ग्रहका कवितामा पर्यावरणीय समस्यालाई कसरी अभिव्यक्त गरिएको छ भन्ने प्राज्ञिक जिज्ञासाको समाधान गर्ने उद्देश्य यस लेखमा राखिएको छ। बहुसत्यमा आधारित यस लेखमा गुणात्मक अनुसन्धानढाँचाको अवलम्बन गरिएको छ । यस अध्ययनको तत्त्वमीमांसा प्रकृति नै समस्त प्राणीको जिउने आधार भएकाले यसको संरक्षण गर्नुपर्छ भन्ने रहेको छ। यस अध्ययनमा सत्य मानिएको कुरालाई पाठबाट लिइएका साक्ष्यका आधारमा विश्लेषण गरी ज्ञाननिर्माण गरिएको छ र सम्भावनालाई खुला राखी शोधदर्शनका बिचमा समन्वय कायम गरिएको छ । पुस्तकालयबाट सङ्कलन गरिएका प्राथमिक र द्वितीयक स्रोतका सामग्रीका आधारमा विश्लेषण गरी समस्याको समाधान गरिएको छ। यस अध्ययनमा पाश्चात्य चिन्तनपरम्परामा स्थापित पर्यावरणीय चेतनालाई सैद्धान्तिक आधारका रूपमा उपयोग गरिएको छ । यसै सिद्धान्तका आधारमा निर्मित सूचकहरू विकासप्रतिको रुचि, प्रकृतिविनाशको चिन्ता र प्रकृतिसंरक्षणप्रति रुचिका आधारमा सोद्देश्य छनोट गरिएका कविताको विश्लेषण गरिएको छ । मानिसका कारण बिग्रिएको पर्यावरणमा सन्तुलन कायम गरेर मात्र यस धर्तीका जीव र वनस्पतिको अस्तित्व सुरक्षित गर्न सकिने भएकाले त्यसप्रति मानिस सचेत बन्नुपर्छ भन्ने लोककल्याणकारी भावना यस सङ्ग्रहका कवितामा अभिव्यक्त भएको छ भन्ने निष्कर्षात्मक प्राप्ति यस अध्ययनको रहेको छ ।

***शब्दकुञ्जी*** : अस्तित्व, जागरुक, संरक्षण, सन्तुलन, समस्या ।

## विषयपरिचय

यस लेखमा कवि नवराज न्यौपानेद्वारा सिर्जना गरिएको *निर्मुक्त* (२०८१) कवितासङ्ग्रहका कविताहरूको पर्यावरण सिद्धान्तका कोणबाट विश्लेषण गरिएको छ। विद्यालयतहदेखि नै साहित्यसिर्जनामा क्रियाशील न्यौपानेले पचासको दशकदेखि फुटकर रूपमा कथा, कविता, निबन्ध, गजल, मुक्तकजस्ता रचनाहरू प्रकाशन गराउँदै आएका छन् । *निर्मुक्त* कवितासङ्ग्रह नै उनको पहिलो सिर्जनात्मक कृतिका रूपमा सार्वजनिक भएको देखिन्छ।

उनले यस कृतिमा वैयक्तिक पीडा, स्वतन्त्रताको चाहना, कर्मथलोप्रति प्रेम, मान्छेमा देखिएको स्वार्थी प्रवृत्ति, प्रकृतिको विनाश, मान्छेको स्वार्थी प्रवृत्तिका कारण प्रकृतिमाथि गरिएको दोहनप्रति चिन्ता अभिव्यक्त गरेका छन् । स्वाभाविक खालका प्राक्सन्दर्भको प्रयोग, सशक्त खालका विम्बप्रतीकको प्रयोग एवम् मुक्त लयको प्रयोग गरिएका पचपन्नवटा कविताहरू यस सङ्ग्रहमा सङ्कलित छन् । यस सङ्ग्रहका कवितामा पर्यावरणको महत्त्व र त्यसको विनाश हुँदा देखिने समस्यालाई महत्त्वका साथ अभिव्यक्त गरिएकाले पर्यावरण सिद्धान्तका कोणबाट ती कविताहरूको विश्लेषण यस लेखमा गरिएको छ ।

कविता भाव र लयको प्रधानता रहने साहित्यिक विधा हो । यसका माध्यमबाट कविले पर्यावरणीय विषयलाई अभिव्यक्त गरेको पाइन्छ । प्रकृतिमाथि गरिएको क्षतिप्रति विमतियुक्त विषय पर्यावरण हो । उक्त विषयलाई समावेश गरी लेखिएको साहित्य पर्यावरणीय साहित्य हो । उक्त साहित्यको विश्लेषण पर्यावरण सिद्धान्तका आधारमा गरिन्छ । यो पाश्चात्य चिन्तनपरम्परामा बिसौँ शताब्दीको अन्त्यतिर विकसित भएको नवीनतम समालोचना सिद्धान्तका रूपमा रहेको कृतिविश्लेषणको एक महत्त्वपूर्ण सैद्धान्तिक पर्याधार हो । यसले मूलतः प्रकृतिको सौन्दर्य र त्यसको विनाशका कारण सिर्जित समस्यालाई आधार बनाई सिर्जित साहित्यिक कृतिको विश्लेषण गर्दछ । प्रकृति सबैको साझा सम्पत्ति हो र यसलाई उपयोग गर्ने अधिकार सबैलाई छ तर बिगार्ने अधिकार कसैलाई पनि छैन भन्ने मान्यता यस सिद्धान्तले वरण गरेको छ । भाव र लयको प्रधानता रहने साहित्यको एक महत्त्वपूर्ण विधा कविताका माध्यमबाट पर्यावरणको महिमालाई समेत अभिव्यक्त गरिएको हुन्छ । *निर्मुक्त* कवितासङ्ग्रहका कवितामा प्रकृतिको विनाशका कारण उत्पन्न रौद्र रूपको वर्णन गर्दै प्रकृतिको संरक्षणबाट मात्र जीव र वनस्पति जोगिने भएकाले त्यसको रक्षा गर्न मानिसलाई सल्लाह दिइएको कुरालाई विषयबद्ध गरिएको छ तर प्रकृतिसँग सम्बद्ध विषयलाई नै सैद्धान्तिक आधार बनाई गरिने प्राज्ञिक अध्ययनको भने रिक्तता देखिएको छ । ज्ञानको यही रिक्तताको परिपूर्ति गर्ने उद्देश्यअनुरूप *निर्मुक्त* कवितासङ्ग्रहका कवितामा पर्यावरणीय समस्यालाई कसरी अभिव्यक्त गरिएको छ भन्ने प्राज्ञिक जिज्ञासालाई मुख्य समस्या बनाई यो अध्ययन गरिएको छ ।

*निर्मुक्त* कवितासङ्ग्रहका कवितालाई पर्यावरणीय कोणबाट विश्लेषण गर्दा विकासप्रतिको रुचि, प्रकृतिविनाशको चिन्ता र प्रकृतिसंरक्षणप्रतिको रुचिलाई सूचकका रूपमा उपयोग गरिएको छ । मानिसले आफ्नो सुविधाका लागि विकासनिर्माणमा क्रियाशील रहँदा प्रकृतिलाई उपयोग गरेको सन्दर्भ विकासप्रतिको मोह हो । मानिसले गरेको विकासका कारण प्रकृतिमाथि भएको क्षति प्रकृतिको विनाश हो । विनाशको क्रम यही गतिमा अगाडि बढेमा यो धर्ती बस्नयोग्य रहनेछैन भन्ने कुराप्रति सचेत गराउँदै यसको संरक्षण गर्नुपर्ने कुराप्रति देखाएको सद्भाव प्रकृतिसंरक्षणप्रति रुचि हो । सोद्देश्य नमुना छनोटका आधारमा लिइएका *निर्मुक्त* कवितासङ्ग्रहका कविताहरूलाई पर्यावरणका कोणबाट विश्लेषण गर्नु यस अध्ययनको क्षेत्र हो । यस लेखमा गुणात्मक अनुसन्धानढाँचा र पाठविश्लेषण विधिलाई अवलम्बन गरिएको छ । प्रकृतिको संरक्षण गरे मात्र हामी

सबैको जीवन सुरक्षित रहन्छ भन्ने मान्यता वरण गर्ने पर्यावरणीय सिद्धान्तका कोणबाट गरिएको यो अध्ययन ज्ञानका क्षेत्रमा नवीन, मौलिक र लोकका लागि कल्याणकारी हुने देखिएकाले औचित्यपूर्ण रहेको छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययनमा गुणात्मक अनुसन्धानढाँचाको अवलम्बन गरिएको छ । बहुसत्यमा आधारित यस अध्ययनमा पाठविश्लेषण विधिको उपयोग गरिएको छ । यस अध्ययनको तत्त्वमीमांसा प्रकृति नै समस्त प्राणीको जीवनाधार भएकाले यसको संरक्षण गर्नुपर्छ भन्ने रहेको छ । तत्त्वमीमांसामा सत्य ठानिएका कुराको पुष्टि गर्नाका लागि *निर्मुक्त* कवितासङ्ग्रहको सूक्ष्म अध्ययन गरी प्राप्त साक्ष्यका आधारमा पाठविश्लेषण विधिको उपयोग गरी ज्ञानको निर्माण गरिएको छ र अध्ययनको सम्भावनालाई खुल्ला राखी शोधदर्शनका बिचमा समन्वय कायम गरिएको छ । यस लेखमा अध्ययनको क्षेत्रसँग सम्बद्ध नवराज न्यौपानेको निर्मुक्त कवितासङ्ग्रहलाई प्राथमिक सामग्रीको रूपमा उपयोग गरिएको छ। यस सङ्ग्रहका पचपन्नवटा कविताहरूमध्ये नमुनाका रूपमा आठवटा कवितालाई छनोट गरिएको छ । पर्यावरणीय विषयवस्तुको गहनतालाई छनोटको आधार बनाइएको छ । सम्भाव्य नमुना छनोटअन्तर्गतको सोद्देश्य नमुना छनोट विधिका आधारमा विश्लेषणका लागि 'सावधान !', 'बाढीको बोली', 'किन बुरुदैनौ ?', 'आह्वान', 'धर्तीको पुकार', 'लुटिएकी नदी', 'शङ्कालु सरिता' र 'सुरक्षा आफैँ गर' गरी आठवटा कविताहरू छनोट गरिएका छन् । तिनै कविताहरूबाट साक्ष्य सङ्कलन गरी समस्याको समाधान गरिएको छ । *निर्मुक्त* कवितासङ्ग्रहबारे गरिएका पूर्वाध्ययन र पर्यावरण सिद्धान्तसित सम्बद्ध सामग्रीहरूलाई द्वितीयक स्रोतसामग्रीका रूपमा उपयोग गरिएको छ । यी दुवै खालका सामग्रीको सङ्कलन पुस्तकालयबाट गरिएको छ । पर्यावरणसँग सम्बन्धित विषय समाविष्ट यस सङ्ग्रहका कविताहरूको विश्लेषणका लागि विकासप्रतिको रुचि, प्रकृतिविनाशको चिन्ता र प्रकृतिसंरक्षणप्रति रुचिलाई सूचक बनाई समस्याको निरूपण गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

समग्र प्राकृतिक, भौतिक एवम् सामाजिक पक्षहरूको संयुक्त पहिचानयुक्त नामकरण पर्यावरण हो । यसले समग्र रूपमा प्राकृतिक संरचना, जीव, वनस्पति तथा मानवजीवनका सामाजिक, आर्थिक, सांस्कृतिक एवम् राजनीतिक पक्षहरूको समेत बोध गराउँदछ । प्रकृति र मानिसका बिचको सम्बन्धलाई आधार बनाई लेखिएको साहित्य पर्यावरणीय साहित्य हो (ढकाल, सन् २०२३, पृ. १८७) । यस्तो साहित्यमा मूलतः प्राकृतिक वातावरण र मानवीय जीवनका पक्षलाई आधार बनाइएको हुन्छ । यस्तो साहित्यिक कृतिको विश्लेषण गर्ने सैद्धान्तिक पर्याधारलाई पर्यावरण समालोचना सिद्धान्तका रूपमा लिइन्छ । यसले प्रकृतिमाथि मानिसले गरेको अत्याचारलाई मुख्य विषय बनाएको हुन्छ (पोखरेल, २०७५/२०७६, पृ. ८४) । मानिसले आफू सम्पन्न र सभ्य बन्ने नाममा प्रकृतिको उपयोग गरेको हुन्छ । यस्तो विषयवस्तुलाई समावेश गरिएको साहित्यिक कृतिको विश्लेषण पर्यावरण समालोचनाका माध्यमबाट गरिन्छ । पर्यावरणीय समालोचना पाश्चात्य चिन्तनपरम्परामा सन् १९८० को दशकतिरबाट प्रारम्भ भएको हो । बिसौँ शताब्दीको अन्त्यतिर सन् १९७८ मा विलियम रुएकर्टले "लिटरेचर एन्ड

इकोलोजी : एन एक्सपेरिमेन्ट इन इकोक्रिटिसिज्म'' शीर्षकको लेख लेखेर पर्यावरणीय समालोचनाको थालनी गरेको मानिन्छ (वैद्य, २०७७, पृ. ३२) । यसको प्रकाशनसँगै साहित्यिक कृतिलाई पर्यावरणीय दृष्टिकोणबाट विश्लेषण गर्न थालिएको देखिन्छ ।

पर्यावरण समालोचना सिद्धान्तको प्रारम्भ उत्तरआधुनिकताको समाप्तिपछि बिसौँ शताब्दीको अन्त्यतिर सन् १९९० को दशकबाट भएको हो । साहित्यको विश्लेषण गर्ने आधुनिक र उत्तरआधुनिक समालोचना सिद्धान्तपछि स्थापित र विकसित भएको पर्यावरण समालोचनालाई समसामयिक समालोचना सिद्धान्तका रूपमा बोध गर्न सकिन्छ । मानिसको नैतिकतालाई पर्यावरणीय सिद्धान्तले उठान गरेको छ (अधिकारी, सन् २०२३, पृ. ८४) । वर्तमानमा प्रकृतिमाथि मानिसले गरेको दोहन र त्यसका कारणबाट समग्र पर्यावरणमा परेको गम्भीर नकारात्मक प्रभावलाई मूल विषय बनाई लेखिएका साहित्यिक रचनाको विश्लेषण गर्ने प्रमुख सैद्धान्तिक पर्याधारका रूपमा पर्यावरण समालोचना सिद्धान्त प्रसिद्ध बनेको छ । सन् १९६० को दशकपछि केन्द्रभञ्जनको मान्यतालाई वरण गर्दै स्थापित भएको उत्तरआधुनिकतावादले यस धर्ती एवम् विज्ञानका उपलब्धि र त्यसका असरप्रति बेवास्ता गरेका अवस्थामा जीवलाई परेको असर र तिनको मनोविज्ञानका बारेमा सचेत बन्दै पर्यावरणीय समालोचनाको प्रारम्भ गरेको देखिन्छ (एटम, २०७९/२०७६, पृ. ३१८) । मानिसले प्रकृतिमाथिको आक्रमणलाई आफ्नो विजयको आधार बनाउन थालेसँगै आज सिङ्गो धर्ती समग्र प्राणीका लागि बस्न कठिन बन्दै गएको छ । चेतनाको दुरुपयोगले गर्दा नै मान्छेले वातावरणलाई सङ्कटमा पारेको छ (न्यौपाने, २०८२, पृ. उल्लेख नभएको) । विकासका नाममा मानिसले प्रकृतिलाई निर्मम ढङ्गले उपयोग गरिरहेको छ । आज हावा, पानी र माटो निकै प्रदूषित बन्दै गएका छन् । यही वातावरणमा परेको गम्भीर सङ्कटलाई विषय बनाएर लेखिएको साहित्यिक कृति नै पर्यावरण साहित्यका रूपमा आज विश्वमा प्रसिद्ध बनेको छ (भट्टराई, २०६४, पृ. १९९) । मानिसले विकासका नाममा र व्यापारका नाममा गरेका कार्य आज सिङ्गो प्रकृतिविनाशका कारक बनेका छन् । सडक, सुरुङ एवम् हाइड्रोपावर आदिको निर्माणका क्रममा भएका विस्फोट, आगलागी र वनविनाश मानिसकै लागि खतरा साबित बन्दै गएका छन् । अप्राकृतिक खेतीप्रणालीले प्रकृतिलाई विनाश गर्दै गइरहेको छ (त्रिपाठी, सन् २०१८, पृ. १७८) । अत्यधिक उत्पादनका नाममा कीटनाशक औषधीको प्रयोग, रासायनिक मलको प्रयोग तथा बीजमिश्रणका कारण खाद्य पदार्थ खराब बन्दै गइरहेका छन् । वातावरणवादीहरूले ग्लोबल वार्मिङ र प्रदूषणको कुरा उठाउँदा विकासविरोधीको आरोप खेपिरहेका छन् (गरार्ड, सन् २००४, पृ.१८) । वस्तुतः पृथ्वी नै नरहे विकासको कुनै अर्थ रहँदैन । तापक्रमवृद्धिका कारण हिमाल पग्लिँदै गएका छन् । मानिसका लागि घातक मानिएका रोगहरू एकपछि अर्को गर्दै थपिँदै र बढ्दै गइरहेका छन् । पृथ्वीको तापक्रममा व्यापक वृद्धि हुँदै छ । कृषिका नाममा परम्परित खेतीप्रणाली विलुप्त बन्दै छन् । विकास र सुविधाका नाममा मानिसले प्रकृतिमाथि गरेको दोहन आज उसकै लागि खतरा र चिन्ताको विषय बनेको छ । यसै कुरालाई आधार बनाई लेखिएका साहित्यिक कृतिको विश्लेषण गर्ने सैद्धान्तिक मान्यता नै पर्यावरण समालोचना सिद्धान्तका रूपमा आज स्थापित भएको छ ।

मानिसले आफ्नो इच्छा र सुविधाका लागि मात्रै प्रकृतिमाथि अत्याचार गर्नु उपयुक्त हुँदैन भन्ने कुराप्रति पर्यावरणीय साहित्यले सचेत गराएको देखिन्छ। यो प्रकृति मानिसको मात्र होइन र मानिसमात्रै रहेर पनि उसको जीवन सुरक्षित रहँदैन। समग्र प्राकृतिक शक्तिका बिचको सन्तुलनमा नै मानवअस्तित्व सुरक्षित रहन्छ (गर्ग, सन् १९९०, पृ. ५)। यस धर्तीलाई सुरक्षित राख्नका लागि मानिसको जति आवश्यकता छ त्यति नै आवश्यकता र भूमिका हावा, पानी, माटो, आकाश एवम् लाखौँ जीवजन्तु तथा वनस्पतिको रहेको छ। पर्यावरणीय सन्तुलनबाट मात्र सम्पूर्ण जीवको अस्तित्व जोगाउन सकिन्छ (ढकाल, सन् २०२२, पृ. १०३)। मानिस आफू सुरक्षित भएर बाँच्नका लागि उसका वरपरको समग्र वातावरण, जीव एवम् वनस्पतिलाई समेत स्वस्थ र सुरक्षित राख्नुपर्छ भन्ने कुरालाई पर्यावरणीय साहित्यमा विशेष महत्त्व दिइएको हुन्छ। यस्तो साहित्यमा विकासका नाममा विनाश नगरिएको तथा प्रकृतिको स्वाभाविक गतिमा व्यवधान नगरिएको परिवेशको आवश्यकता रहेको कुराप्रति सचेतता दर्साइएको हुन्छ। मानिसले गरेको फोहोरको व्यवस्थापनका नाममा निर्माण गरिएका स्थान र त्यसले समग्र वातावरणलाई पारेको गम्भीर नकारात्मक असरका कारण सिङ्गो पर्यावरण बिग्रिएको छ। फोहोर गरेपछि त्यसको व्यवस्थापन गर्ने मात्र नभई फोहोर नै नगर्ने वातावरणको निर्माण गर्नुपर्ने कुराप्रति पर्यावरण साहित्य सचेत देखिएको हुन्छ। यो पृथ्वी मानिस र सम्पूर्ण जीवको आधार हो (नायर, सन् २०१०, पृ. २०५)। मानिसले गरेका गलत कामबाट सिर्जित विषालु क्रियाकलापका कारण प्रकृतिको विनाश भइरहेकाले त्यसको समाधानका लागि मानिसहरू सचेत बन्नुपर्ने आवश्यकता टड्कारो रहेको कुराप्रति सचेत गराउँदै त्यस कुरामा ध्यान नपुर्‍याइएमा यो सिङ्गो धर्ती समग्र मानिस र जीवका लागि बस्न अयोग्य हुने कुराप्रति सचेत बनाउँदै लेखिएको साहित्यिक कृतिको विश्लेषण पर्यावरण समालोचना सिद्धान्तका आधारमा गरिन्छ। नवराज न्यौपानेको *निर्मुक्त* कवितासङ्ग्रहमा पर्यावरणको विनाशका कारण मानवजीवनमा ठुलो सङ्कट सिर्जना भएको कुरा प्रस्तुत गर्दै त्यसको संरक्षण गर्न आवश्यक रहेको कुराप्रति सचेत गराइएकाले यस अध्ययनमा उक्त कृतिको विश्लेषणका लागि पर्यावरणीय समालोचना सिद्धान्तलाई सैद्धान्तिक पर्याधारका रूपमा उपयोग गरिएको छ।

## परिणाम र विमर्श

विषयगत विविधता र शिल्पगत नवीनतालाई उपयोग गरी कवितासिर्जना गर्ने कविका रूपमा परिचित नवराज न्यौपानेको *निर्मुक्त* कवितासङ्ग्रहका कविताहरूलाई विभिन्न कोणबाट विश्लेषण गर्न सकिने भए पनि यस अध्ययनमा भने विश्लेषणनिम्ति पर्यावरणीय सिद्धान्तलाई आधार बनाइएको छ। पर्यावरण विनष्ट हुँदै जाँदा दुःखी बनेका कविले त्यसको संरक्षणविना जीवनको अस्तित्व नरहने कुराप्रति मानिसलाई सचेत बनाएको विषयलाई यस सङ्ग्रहका कवितामा विषयबद्ध गरिएको छ। उनको पर्यावरणप्रतिको सचेततालाई विकासप्रतिको रुचि, प्रकृतिविनाशको चिन्ता र प्रकृतिसंरक्षणप्रति रुचिका कोणबाट विश्लेषण गरिएको छ।

### विकासप्रतिको रुचि

कवि नवराज न्यौपानेले आफ्ना कवितामा मानिसमा जागृत विकासप्रतिको मोहलाई विषयबद्ध गरी त्यसका माध्यमबाट प्रकृतिमा पुगेको क्षतिको वास्तविकतालाई काव्यात्मक स्वरूप प्रदान गरेका छन्। मानिस स्वाभाविक

रूपमा गतिशील र विकासप्रेमी प्राणीका रूपमा परिचित छ । आफ्नो वैयक्तिक तथा सामूहिक सुविधा र स्तरोन्नतिका लागि यथास्थितिलाई बदल्ने प्रतिबद्धतास्वरूप मानिसले चाल्ने हरेक कदम उसकै विकास र उन्नतिसँग जोडिएका विषय हुन् । मानिस विकासनिर्माणका क्रममा गतिशील रहँदा त्यसको प्रत्यक्ष असर प्रकृति र प्राकृतिक सम्पदामा परेको हुन्छ । सडक, सुरुङ, नहर र भवनलगायतका विकासनिर्माणका क्रममा नवप्रविधियुक्त अत्याधुनिक खालका साधनद्वारा द्रुतगतिमा गरिएका कामबाट सिङ्गो पृथ्वीलाई धेरै क्षति पुगेको कुरालाई 'किन पुज्दैनौ ?' कवितामा कविले यसरी अभिव्यक्त गरेका छन् :

मान्छेका जेसिबीहरू
मलाई कोपर्छन्, चिथोर्छन्, ताक्छन्, हान्छन्,
धक्याउँछन्, लडाउँछन्
मलाई पनि दुख्छ (न्यौपाने, २०८१, पृ. ३९)

मानिसमा जागृत विकासप्रतिको चाहनाका कारण प्रकृतिमा पुगेको क्षतिलाई माथिको कवितांशमा अभिव्यक्त गरिएको छ । यसमा कविले पर्याचिन्तनलाई निकै महत्त्व दिएका छन् (सरुभक्त, २०८१/२०८२, पृ. भूमिका खण्ड) । जसरी मानिसलाई समस्या पर्दा, घाउ लाग्दा पीडाको बोध हुन्छ त्यसै गरी धर्तीमाथि मानिसले गरेको आक्रमणले उसलाई पनि त्यस्तै पीडा भएको हुन्छ भन्ने कुरालाई विषयबद्ध गरिएको यस कवितांशमा प्रकृतिको मानवीकरण समेत गरिएको छ । मानिस विकासप्रेमी हो र त्यसका विरोधी कवि पनि होइनन् तर पनि विकासका नाममा हुने गरेका विनाशलाई कविले पटक्कै स्वीकार गरेका छैनन् भन्ने कुरा यस सङ्ग्रहका कविताबाट स्पष्ट हुन्छ ।

मानिसले गरेको विकास प्रकृतिअनुकूल हुनुपर्छ भन्ने कुराप्रति कवि नवराज न्यौपाने सचेत छन् । उनले पिपल, पानी र पहाडको महिमा कवितामा गाएका छन् (परिवर्तित, २०८२, पृ. उल्लेख नभएको) । पृथ्वीको रमणीयता, स्वस्थता, प्रियतालाई बेवास्ता गर्दै गरिएका विकास नै मानिसका लागि घातक हुने भएकाले त्यसप्रति सजग बन्नुपर्ने आवश्यकतातर्फ उनका कविता केन्द्रित छन् । मानिसले विकास गर्नुपर्ने कुराप्रति देखाएको व्यग्रता र क्रियाशीलताका बिचमा त्यसको वातावरणीय सन्तुलनप्रति सचेतता आवश्यक हुन्छ भन्ने भावलाई उनले आफ्ना कवितामा मुख्य विषय बनाएको देखिन्छ । उक्त कुरालाई 'किन पुज्दैनौ ?' शीर्षकको तलको कवितांशले पुष्टि गरेको छ :

जब तिमी मलाई
कोप्छौ, घोच्छौ र चोट पुऱ्याउँदछौ
मेरा आँसुहरू देख्दैनौ
तप्प तप्प चुहेका
र कलेटी परेका ?
तिमी बुझ्दैनौ र भन्छौ 'चोप' ! (न्यौपाने, २०८१, पृ. ३९)

यस कवितांशमा प्रकृतिको मानवीकरण गर्दै त्यसका माध्यमबाट मानिसले गरेको विकासनिर्माणका कारण पृथ्वीले भोग्नुपरेका पीडालाई अभिव्यक्त गरिएको छ। विकासनिर्माणका क्रममा पृथ्वीमाथि बलात् आक्रमण गर्ने मानवीय परिपाटीप्रति कवि सन्तुष्ट छैनन् भन्ने कुरालाई उनका कविताले स्पष्ट पारेका छन्। मानिस र प्रकृति एकअर्काका सहयात्री बन्न नसक्दा र मानिसको स्वार्थी प्रवृत्ति हावी हुँदा नै पर्यावरणमा नकारात्मक असर परेको छ भन्ने कविको ठहर रहेको छ।

मानिसमा बढ्दै गएको विकासप्रतिको मोहको प्रवृत्ति अहिले देश देशका बिचमा विकासका नाममा हुने गरेका प्रतिस्पर्धाका रूपमा देखिएको छ भन्ने कुरालाई *निर्मुक्त* कवितासङ्ग्रहका कवितामा अभिव्यक्त गरिएको छ। यसको चपेटामा प्रकृति नै परेको कुरालाई ती कवितामा प्रस्तुत गरिएको छ। *निर्मुक्त* कवितासङ्ग्रहका स्रष्टालाई उद्वेलित बनाउने विषय प्रकृति रहेको छ (बस्ताकोटी, २०८१, पृ. भूमिका)। कविले प्रकृतिको शक्ति र यसको विनाशका कारण हुने क्षतिलाई यस सङ्ग्रहका कवितामा अभिव्यक्त गरेका छन्। ज्ञान, बुद्धि, विवेक, करुणा र मानवताजस्ता अद्वितीय गुणले युक्त मानिसका बिचमा प्रेम र सहयोगको भावना वृद्धि गर्दै एकत्वको भावना सिर्जना गर्नुपर्ने ठाउँमा आपसमा विच्छेद हुने प्रवृत्ति बढ्दै गएको छ। मान्छेले अर्काका सामु आफू ठुलो र परिवर्तनकारी देखिने नाममा प्रकृतिमाथि नै दोहन गरेको कुरालाई न्यौपानेले आफ्ना कवितामा प्रमुख विषय बनाएको देखिन्छ। मानिसले आफ्नो उच्च ज्ञान, बल र सम्पन्नताको परीक्षण गर्ने आधार यही धर्तीलाई बनाएको कुरालाई उनले आफ्ना कवितामा विषयबद्ध गरेका छन्। विकासका नाममा अरू राष्ट्रभन्दा आफू अब्बल साबित हुनका लागि मानिसले गरेका परीक्षणले मानिसको विकासप्रतिको चाहनालाई अभिव्यञ्जित गरेको कुरा 'धर्तीको पुकार' शीर्षकको कविताको तलको उद्धरणले स्पष्ट पारेको छ :

टाउको जुटाएर ठुलो टाउको बनाउने
अभिभारा बोकेको प्राणी
टाउको फुटाएर
विजयोल्लासको चरमोत्कर्षमा पुग्दै छ
एटमबमको सिद्धान्त ! ...
समयको वक्ररेखासँगै
समानान्तरित हिजोको सहिष्णु गोत्रीय मान्छे
आज असहिष्णु हुँदै छ (न्यौपाने, २०८१, पृ. ५२-५३)

आज सम्पन्न र शक्तिशाली राष्ट्रले आफूलाई विकास र समृद्धिका नाममा अब्बल स्थापित गराउनका लागि यस धर्तीलाई नै उपयोग गरिरहेका छन् भन्ने कुरा माथिको कवितांशले स्पष्ट पारेको छ। आफ्नो मुलुकको स्वार्थका लागि प्रकृतिको सौन्दर्य विनष्ट गर्न पछि नपर्ने मान्छेको गलत प्रवृत्तिप्रति कविले गहिरो कटाक्ष गरेका छन्। यो धर्ती र प्रकृति सबैको साझा हो। विकासका नाममा गरिने क्रियाकलापले यसको शक्ति र सौन्दर्यमा

बाधा पुऱ्याउँदा त्यसको गम्भीर असर मानिसलाई नै पर्छ भन्ने कुरा कविले आफ्ना कवितामा सशक्त ढङ्गले अभिव्यञ्जित गरेको बोध हुन्छ ।

**प्रकृतिको विनाश**

मानिसले विकासका नाममा गरेका क्रियाकलापले प्रकृतिमा गम्भीर असर परेका कारण कविले चिन्ता प्रकट गरेको कुरा *निर्मुक्त* कवितासङ्ग्रहका कवितामा अभिव्यक्त गरिएको छ । हिजो प्रकृतिसँग सामञ्जस्यको भावना राख्दै बसेको मान्छे आज विकासका नाममा यस सुन्दर प्रकृतिलाई कुरूप बनाउन उद्यत भइरहेको छ । उसले विस्फोट गराएका बमका कारण पहाडपर्वतलाई असर पुगेका कारण सिङ्गो पृथ्वीको अस्तित्व सङ्कटमा परेको छ। मानिसमा रहेको आफू जन्मेहुर्केको काखलाई लात हान्ने प्रवृत्तिका कारण उसमा स्वार्थी प्रवृत्ति मौलाउँदै गएको कुराप्रति कविले कटाक्ष गरेका छन् । पृथ्वीमा रहेका प्राकृतिक सम्पत्तिहरू आज स्वाभाविक रूपमा आफ्नो स्थानमा रहन पाएका छैनन् । मानिसकै कारण आज पहाड, जङ्गल, नदी र ताल असुरक्षित बनेकामा कवि चिन्तित देखिएका छन् । यो कुरा 'सावधान !' र 'बाढीको बोली' कवितामा यसरी अभिव्यक्त गरिएको छ :

प्रकृतिको काखमा हुर्केबढेका मान्छेहरू
आफ्नो उत्पत्ति बिर्सेर
काखमा नै लात हान्न थाले ....
तिमीहरू भन्छौ
नदी सहरमा पस्यो र क्षति पुऱ्यायो
होइन !
म तिम्रो सहरमा आएको हुँदै होइन !!
तिमी मेरो बगरमा आयौ
मेरो बाटो छेक्यौ (न्यौपाने, २०८१, पृ. ८ र ९)

प्रकृतिको काखमा हुर्किएका मानिसले त्यसैको उपेक्षा गर्ने प्रवृत्ति बढ्दै गएको छ । आफ्नो स्वार्थपूर्तिका लागि नदी बग्ने ठाउँमा सहर बसाउने मान्छेको गलत प्रवृत्तिका कारण प्राकृतिक शक्ति नदी अन्यायमा परेको बताउँदै कविले चिन्ता प्रकट गरेका छन् । मानवजीवनको आधारका रूपमा रहेका जल, जमिन, जङ्गलको स्वाभाविक संरक्षण गर्नुपर्ने ठाउँमा आज तिनैको विनाश गर्न लागिरहेका छन् । प्रकृतिका तिनै अमूल्य सम्पदालाई आधार बनाएर व्यापार गर्ने र आफ्नो समृद्धि देख्ने मानिसको गलत परिपाटीका कारण पर्यावरणमा गम्भीर सङ्कट सिर्जना भएको कुराप्रति लक्ष्यित गर्दै त्यसो हुनु चिन्ताको विषय हो भन्ने कुराप्रति कवि निकै सचेत रहेका देखिन्छन् ।

प्रकृति र पर्यावरण भन्नु जल, जमिन, जङ्गल, वायु आदिको समग्रता भएकाले र यिनको संरक्षणबाट समस्त प्राणी र वनस्पतिको संरक्षण हुने भएकाले यतातिर मानिसले ध्यान दिन नसक्दा समग्र पर्यावरण बिग्रिएको कुराप्रति कविले चिन्ता प्रकट गरेका छन् । मानिस आज हिमाल, पहाड, खोला, नदी एवम् समुद्रसँगै बाँचेको सिङ्गो प्रकृतिलाई

दोहन गर्न लागिरहेका छन् । यही मानवीय भुललाई कविले महत्त्वका साथ काव्यात्मक स्वरूप प्रदान गरेका छन् (भट्टराई, २०८१/२०८२, पृ. भूमिका खण्ड) । वातावरण विनाश गर्नु मानिसको ठुलो कमजोरी हो । विकासका नाममा हुने गरेका वनफँडानीप्रति कवि खुसी देखिँदैनन् । विद्युत्, सडक, उद्योग, सुरुङ आदि विकासका जुनसुकै नाममा पनि मानिसको गलत दृष्टि हरियो जङ्गलमा परेको छ । मानिसको जीवनको आधार जङ्गल हो भन्ने कुरातर्फ सचेत हुनुपर्नेमा त्यसैको विनाशमा उद्यत हुने गलत प्रवृत्तिका कारण पर्यावरणमा समस्या सिर्जना भएकाले कवि यस विषयमा चिन्तित देखिएका छन् । उनको यस चिन्तालाई 'धर्तीको पुकार' शीर्षक कविताको तलको अंशले स्पष्ट पारेको छ :

अनुपम हरियाली नासेर
मानव हृदयमा
पत्थरको आवाद हुँदै छ
वायुमण्डल आहत छ
क्षतविक्षत छाती बोकेर
ओजन रोएको छ (न्यौपाने, २०८१, पृ. ५२)

मानिसले आफ्नो स्वार्थ र सुविधाका लागि हरियो जङ्गललाई फाँडेर गिट्टी, ढुङगा, सिमेन्ट र बालुवाको प्रयोग गरी सहरको निर्माण गर्न क्रियाशील भएकाप्रति कविमा गम्भीर असन्तुष्टि देखिन्छ । मानिसले गरेको विकासको यो गलत परिपाटीका कारण नै आज जल, जमिन, जङ्गल र समग्र पर्यावरण नै असन्तुलित बन्दै गइरहेको छ । मानिसका यस्ता प्रकृतिका प्रतिकूल क्रियाकलापका कारण ओजोन तहमा प्वाल पर्न थालेकाले सिङ्गो धर्ती सङ्कटग्रस्त बन्दै गइरहेकाप्रति कविले गहिरो चिन्ता प्रकट गरेका छन् ।

मानवसभ्यतासँग जोडिएको नदीमाथि गरिएको आक्रमणप्रति कविले गहिरो चिन्ता प्रकट गरेका छन् । नदी भन्नु केवल पानीमात्र नभई त्यसका माध्यमबाट सिर्जना हुने हरियाली, स्वच्छता, सुन्दरता भएको हुँदा प्राकृतिक सौन्दर्यलाई लक्ष्यित गर्दै कवि न्यौपानेले त्यसमाथि मानिसले आक्रमण बढाएकामा गहिरो दुःख प्रकट गरेका छन् । नदी बग्ने ठाउँमा बगर बनेको र त्यही बगरमा मान्छेले बस्ती बनाएका तथा नदीको स्वाभाविक गतिक्षेत्र खुम्चिँदा नदीमाथि मात्रै अन्याय भएको छैन, सिङ्गो पर्यावरणमा असन्तुलन देखा परेको छ भन्ने कुरालाई 'लुटिएकी नदी' कवितामा यसरी अभिव्यक्त गरिएको छ :

बगरले नदीको अस्मिता लुट्यो
बगरहरूले नदीमाथि आक्रमण बढाएपछि
नदी अहिले दीर्घरोग बोकेर बग्दै छ ...
उसका तीरमा अदूरदर्शी सहर बसेपछि
अस्तित्वको खोजीमा छ ऊ । (न्यौपाने, २०८१, पृ. ६९)

मानिसले निर्माण गरेका पक्की घर र स्थायी बाँधका कारण अहिले नदी बन्धनमा परेको र आफ्नो अस्तित्व कायम गर्न नसकेको तथा समग्र प्रकृतिको विनाश भइरहेको कुरालाई माथिको कवितांशमा अभिव्यक्त गरिएको छ । नदीको निकटको बगर खोसिनुको प्रमुख कारक मानिस नै रहेको कुरालाई उक्त कवितामा प्रस्तुत गरिएको छ । मानिसले प्रकृतिमाथि गरेको उपेक्षापूर्ण क्रियाकलापका कारण नदीलाई सङ्कट परेको छ भन्ने कुरालाई 'शङ्कालु सरिता' शीर्षक कविताको तलको कवितांशले थप स्पष्ट पारेको छ :

दूषित तत्त्वहरूसँग हार खान्छिन्
टुकुचा, बागमती, विष्णुमती
ढलमती हुन्छिन्
र शङ्कालु मनोभाव राख्छिन्
के म गन्तव्यमा त पुग्छु ? (न्यौपाने, २०८१, पृ. ७२)

नदीको किनारमा बस्ती बसाएर आफ्नो स्वार्थपूर्ति गर्न लागिरहेका मान्छेले त्यहाँ गर्ने गरेका प्रदूषणका कारण आज नदी ढलमा परिणत भइरहेको छ भन्ने कुरालाई माथिको कवितांशमा अभिव्यक्त गरिएको छ । मान्छेले नदीमा गरेको फोहोरका कारण नदीप्रतिको प्रेम र सौन्दर्यमा त कमी आएको छ नै, साथै सिङ्गो पर्यावरणमा समस्या आएकामा उक्त कवितामा चिन्ता प्रकट गरिएको छ । नदी, ताल, वन आदि सबै प्रकृतिका सुरम्य उपहार हुन् । यिनको विनाश हुनु भनेको प्रकृतिको विनाश हुनु हो । मानिसले प्रकृतिका यस्ता अमूल्य सम्पत्तिमाथि गरेको क्रूर व्यवहारप्रति कवि असन्तुष्ट त छन् नै, साथै त्यसका कारण सिङ्गो पर्यावरणमा क्षति पुगेकामा कविताका माध्यमबाट चिन्तासमेत प्रकट गरेका छन् ।

## प्रकृतिसंरक्षणप्रति रुचि

प्रकृति र प्राकृतिक सुन्दरताको संरक्षणबाट मात्र मानवअस्तित्व सुरक्षित हुने भएकाले तिनको संरक्षण गरिनुपर्छ भन्ने कुराप्रति सचेतता देखाउँदै *निर्मुक्त* कवितासङ्ग्रहमा पर्यावरणीय चिन्तन गरिएको देखिन्छ । प्रकृतिको विनाश गर्ने मानिस नै हो र यसको संरक्षण पनि मानिसबाट नै हुने भएकाले यसका निम्ति ऊ नै सचेत र संवेदनशील बन्नुपर्ने कुरामा कविले 'बाढीको बोली' कविताका माध्यमबाट जोड दिएका छन् :

विगतमा पनि
तिमीलाई नसम्झाएको होइन पटक पटक
मेरो अस्तित्व स्विकारेनौ तिमीले । (न्यौपाने, २०८१, पृ. १०)

कविले मानवले प्रकृतिमाथि गरेको ज्यादतीको प्रत्यक्ष अवलोकन गरेका र त्यो उपयुक्त क्रियाकलाप नभएकाले त्यसप्रति मानिसलाई सचेत बनाएको कुरातर्फ उक्त कवितांश लक्ष्यित छ । मानिसलाई पर्यावरणको संरक्षणका विषयमा सचेत गराउँदा गराउँदै पनि त्यसप्रति बेवास्ता गरेमा प्रकृतिले आफ्नो रौद्र स्वरूप धारण गर्ने र त्यस्तो अवस्थामा समग्र मानिस असुरक्षित बन्नेछन् भन्ने कुरालाई 'सावधान !' शीर्षक कविताको तलको अंशले स्पष्ट पारेको छ :

जब मान्छेको अतिक्रमणमा
हदैसम्म सहनशील जनावरहरू
स्वतन्त्रताका लागि उठ्नेछन्
जर्ज अरवेलको 'एनिमल फार्म'मा झैँ
र
साथ दिनेछन्
जल, जमिन र जङ्गलहरूले
त्यतिबेला
मान्छेहरू कहाँ जानेछन् ? ! (न्यौपाने, २०८१, पृ. ८)

यस कवितामा प्रकृतिको संरक्षण नगर्दा हुने क्षतिका बारेमा प्राक्सन्दर्भको प्रयोगका माध्यमबाट बोध गराइएको छ । वनविनाश गर्ने, नदीलाई तटबन्द गरेर साँघुरो पार्ने, विकासका नाममा जमिनलाई उधिन्दै जाने जस्ता मानिसका गलत क्रियाकलापका कारण भोलि भयानक प्राकृतिक विपत्तिको सामना गर्नुपर्ने अवस्था आउने सम्भावना बताउँदै मानिसलाई कविले सचेत गराएका छन् । बाढी, पहिरो, आगलागी, मानवबस्तीमा वन्यजन्तुको प्रवेशजस्ता मानिसका लागि प्रतिकूल क्रियाकलाप प्रकृतिबाट हुन थालेमा मानिसलाई जोगाउने कोही नहुने कुरातर्फ कविताले सङ्केत गरेको छ । कविमा जागृत भएको यस्तो भावले उनमा प्रकृतिको संरक्षणप्रति तीव्र रुचि रहेको छ भन्ने कुराको बोध हुन्छ । यसै आधारमा *निर्मुक्त* कवितासङ्ग्रहका कवितामा पर्यावरणको संरक्षणका विषयमा गम्भीर चासो प्रकट गरिएको छ भन्ने कुरा स्पष्ट हुन्छ ।

प्रकृतिको विनाशमा लागेर बाटो बिराएका मानिसलाई यसको संरक्षणमा क्रियाशील बनेर सही मार्गमा लाग्नाका लागि *निर्मुक्त* कवितासङ्ग्रहका कविताका माध्यमबाट कविले आह्वान गरेका छन् । आफूले गरेका कमजोरीलाई स्वीकार गर्दै यो धर्ती सबैको वासस्थान हो, आफ्ना कारणबाट यसको विनाश गर्न हुन्न भन्ने कुराप्रति विश्वस्त बन्दै वसुधैव कुटुम्बकम्को भावना जागृत गराउनका लागि कविले मानिसलाई आग्रह गरेका छन् । प्रकृति नै हामी सबै प्राणी र जीवको जिउने आधार भएकाले यसको संरक्षणविना कसैको अस्तित्व रहँदैन । तसर्थ यसको अस्तित्वरक्षाका लागि सन्मार्गमा लाग्न मानिसलाई कविले आफ्ना कविताका माध्यमबाट प्रेरित गरेका छन् । हराभरा प्रकृतिमा नै सबैले आनन्द मान्ने भएकाले त्यसको संरक्षणमा जुट्नका लागि 'आह्वान' शीर्षकको कवितामा यसरी आह्वान गरिएको छ :

ए आकाशको फलमा रमाउनेहरू हो !
एकपटक धरातलमा ओर्लेर
प्राणपत्तीहरू भर्न आऊ
अश्रुधारा पुछ्न आऊ
शुष्क र उष्ण पर्यावरणमा
सुशीतल पवन बनेर आऊ । (न्यौपाने, २०८१, पृ. ४१)

अर्काले देला र खाउँलाको भावनामा बसेर मानिस सुखी हुन सक्दैन । आफ्नै कर्ममा विश्वास गरेर मात्र जीवन सुखी बनाउन सकिन्छ । आफ्नै कारणबाट बिग्रिएको वातावरणलाई सपार्नका लागि मानिसले नै लाग्नुपर्छ भन्ने कुरा कविले गहिरो ढङ्गले उठान गरेका छन् । मानिसकै कारणबाट धर्ती विनाशको मोडमा पुगेको कुरा कविले गरेका छन् । प्रकृतिको मानवीकरण गर्दै प्रकृतिलाई मान्छेले नै क्षति पुऱ्याएको र यसको संरक्षणका लागि मानिस नै सक्रिय भएर लाग्नुपर्छ भन्ने कुराप्रति कविता लक्ष्यित छ ।

प्रकृतिको संरक्षण मानिस आफैँले गर्नुपर्छ भन्ने कुरालाई *निर्मुक्त* कवितासङ्ग्रहका कवितामा सशक्त ढङ्गले अभिव्यक्त गरिएको छ । प्रकृतिमाथि गरिएको अत्याचारको परिणति मान्छेले नै भोग्नुपर्ने भएकाले ऊ समयमै सचेत बन्नुपर्छ । प्राचीन सन्दर्भलाई अगाडि सार्दै मान्छेमा अझै पनि प्रह्लादको गुण हराइनसकेको र त्यसै गुणको उपयोग गरेर यस धर्तीको संरक्षण गर्नुपर्छ भन्ने आह्वान कविले गरेका छन् । प्रकृतिको विद्रूप रूपका सामु मान्छेको केही चल्दैन । त्यो स्थिति नआओस् भन्नाका लागि मानिस आजैबाट सचेत बन्नुपर्छ । आजको कार्यको फल भोलि पाइने भएकाले पर्यावरणको संरचनामा लागेमा मात्रै यसको शक्ति र सौन्दर्यको सुरक्षा हुन्छ अन्यथा ठुलो क्षति बेहोर्नुपर्नेछ भन्ने कुरा 'सुरक्षा आफैँ गर' शीर्षक कविताको तलको अंशले स्पष्ट पारेको छ :

बेलाकुबेला
चैतको हुरी
र बेसुरको गीत
चल्न सक्छ
विवेकहीन मान्छेको बस्तीमा
छरपस्टै
उम्रिन सक्छ वनमासा !
र पार्न सक्छ बारीको सत्यानाश ...
हे प्रह्लाद हो ! आफ्नो सुरक्षा आफैँ गर ! (न्यौपाने, २०८१, पृ. ८६- ८७)

मान्छेले विशेष शक्तिका रूपमा रहेको आफ्नो विवेक गुमाउँदा प्रकृतिमा ठुलो क्षति भएको र त्यसलाई जोगाउनका लागि उसले नै आफ्नो विवेकको प्रयोग गर्नुपर्छ भन्ने कुरा माथिको कवितांशका माध्यमबाट अभिव्यक्त गरिएको छ । मानिसले प्रकृतिमाथि गरेका अन्यायका कारण उसको गास, बास र कपास खोसिने भएकाले र समग्र रूपमा मानवअस्तित्व नै समाप्त हुने भएकाले यस विषयमा बेलैमा सचेत बन्नुपर्ने कुरा कविले सुझाएका छन् । मानिसमा हिरण्यकशिपुको आचरण होइन, उसमा जीवित रहेको प्रह्लादीय गुणलाई जागृत गरी समग्र धर्तीको संरक्षणमा लाग्नका लागि गरिएको आग्रहमा प्रकृतिसंरक्षणप्रतिको रुचि अभिव्यक्त भएको छ ।

## निष्कर्ष

नेपाली कविताको सिर्जनापरम्परामा पर्यावरणीय चेतनालाई सशक्त ढङ्गले अभिव्यक्त गर्ने कवि नवराज न्यौपानेको *निर्मुक्त* कवितासङ्ग्रहका कवितामा त्यस दृष्टिलाई गहन ढङ्गले प्रस्तुत गरिएको देखिन्छ । मूलतः

मान्छेका कारणबाट विनष्ट हुँदै गएको प्रकृतिको संरक्षण पनि मान्छेले नै गर्नुपर्छ भन्ने कुरा यस सङ्ग्रहका कवितामा अभिव्यक्त गरिएको छ भन्ने निष्कर्षात्मक प्राप्ति यस अध्ययनको रहेको छ । प्रकृतिको विनाशमा र यसको संरक्षण गर्नुपर्ने विषयमा उठान गरिएका कुरालाई प्रकृतिको मानवीकरण गरेर, प्राक्सन्दर्भको प्रयोग गरेर तथा सशक्त खालका विम्बप्रतीकको प्रयोग गरेर प्रस्तुत गरिएको छ भन्ने निष्कर्ष यस अध्ययनको रहेको छ । मानिसमा जागृत हुँदै गएको विकासप्रतिको रुचि र प्रकृतिदोहनका कारण पर्यावरणमा समस्या आएकाले विकासका नाममा प्रकृतिको विनाश हुन नहुने कुरालाई यस सङ्ग्रहका कवितामा सशक्त ढङ्गले उठाइएको देखिन्छ । जल, जमिन, जङ्गलजस्ता प्रकृतिका अमूल्य निधिको विनाशले सारा जीव र वनस्पतिको जीवन खतरामा परेकाप्रति कवितामा चिन्ता प्रकट गरिएको छ भन्ने कुराको जानकारी यस अध्ययनबाट प्राप्त भएको छ । पर्यावरणको अस्तित्व कायम गरेर मात्र मानवअस्तित्व सुरक्षित गर्न सकिने भएकाले यसका निम्ति सबै मानिस जागरुक बन्नुपर्छ भन्ने लोककल्याणकारी भावलाई यस सङ्ग्रहका कवितामा अभिव्यक्त गरिएकाले पर्यावरणीय दृष्टिकोणबाट यस सङ्ग्रहका कविता उच्चकोटिका रहेका छन् भन्ने निष्कर्ष यस अध्ययनको रहेको छ ।

## सन्दर्भ सामग्रीसूची

अधिकारी, लक्ष्मीशरण (सन् २०२३). नेपाली उखानको पर्यावरणीय अध्ययन. *कौमोदकी, ३,* ८०–९३ । DOI: https://doi.org/10.3126/kdk.v3i1.52142

एटम, नेत्र (२०६९/२०७६). पर्यावरणीय समालोचना, राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.). *रत्न बृहत् नेपाली समालोचना,* (सैद्धान्तिक खण्ड, पृ. ३११–३३२ ). रत्न पुस्तक भण्डार, ।

गर्ग, बी. एल. (सन् १९९०). *पर्यावरण, प्रकृति और मानव.* अभिनव प्रकाशन ।

ढकाल, दीपक (सन् २०२२). जिरो कटेज उपन्यासमा पर्यावरणीय सङ्कट. *त्रिभुवन युनिभर्सिटी जर्नल, ३७*(१), ९९–११० । DOI : https://doi.org/10.3126/tuj.v37i1.48299

ढकाल, रजनी (सन् २०२३). उत्तरवर्ती नेपाली निबन्धमा पर्यावरणीय चेतना. *त्रिभुवन युनिभर्सिटी जर्नल, ३८* (१), १८४–१९९ । DOI: https://doi.org/10.3126/tuj.v38i01.56216

त्रिपाठी, गीता (सन् २०१८). गहन पर्यावरणको सैद्धान्तिक अवधारणा. *त्रिभुवन युनिभर्सिटी जर्नल, ३२*२), २८१–२९४ । DOI: https://doi.org/10.3126/tuj.v32i2.24724

न्यौपाने, नवराज (२०८१). *निर्मुक्त.* सुन्दर स्वदेश पब्लिकेसन ।

न्यौपाने, नवराज (जेष्ठ ७, २०८२). पर्या-निबन्ध : अनि यो पृथ्वीको मुहारमा मुस्कान छाउँछ. *साहित्यपोस्ट, १२* (०१), https://sahityapost.com

परिवर्तित, विनोद (भाद्र ४, २०८२). निर्मुक्तमा डा. न्यौपानेको उन्मुक्त काव्यिक उडान. *साहित्यपोस्ट, १२* (०१), https://sahityapost.com

पोखरेल, गोकुल (२०७५/२०७६). सिमसारका राजदूत काव्यमा मान्छे र पर्यावरणबिचको सम्बन्ध. *प्रज्ञा, ११७,* ८२–९१ ।

बस्ताकोटी, भूमिराज (२०८१). भूमिका. नवराज न्यौपाने (लेखक), *निर्मुक्त.* सुन्दर स्वदेश पब्लिकेसन ।

भट्टराई, गोविन्दराज (२०६४). *उत्तरआधुनिक विमर्श.* मोर्डन बुक्स ।

भट्टराई, गोविन्दराज (२०८१/२०८२). भूमिका. नवराज न्यौपाने (लेखक), *निर्मुक्त* (दोस्रो संस्क.). सुन्दर स्वदेश पब्लिकेसन ।

वैद्य, मोहन (२०७७). *मार्क्सवादी समालोचना.* शमी साहित्य प्रतिष्ठान ।

सरुभक्त (२०८१/२०८२). भूमिका. नवराज न्यौपाने (लेखक), *निर्मुक्त* (दोस्रो संस्क.). सुन्दर स्वदेश पब्लिकेसन ।

Garrard, G. (2004). *Ecocriticism*. Routledge Tylor and Francis Group.

Nayar, P. K. (2010). *Contemporary literary and cultural theory: From structuralism to ecocriticism*. Pearson Education India.